नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बर्दिया, गुलरिया

प.सं.:०८३/०८४

च.नं.:स्था.प्र./

Google Plus Code: 683V+HM Gulariya

मितिः २०८३/०६/०७

ने.सं. ११४६ जलाथ्व

## उच्च सतर्कता अपनाउन अनुरोध ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाबाट जारी मनसून सम्वन्धी विशेष मौसमी बुलेटिन तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी भएको सतर्कताका लागि अनुरोध पत्र अनुसार २०८३ असोज ०७ गतेदेखि ११ गतेसम्म देशका विभिन्न स्थानमा मेघगर्जन, चटयाङ, हावाहुरी, हिमपात सहित त्यसबाट बाढी, डुबान, पहिरो, भू-क्षय लगायतका विपद्जन्य घटना हुन सक्ने सम्भावना रहेको छ। लुम्बिनी प्रदेशका केही स्थानमा हावाहुरी, चटयाङ सहित भारीदेखि धेरै भारी वर्षा तथा एकदुई स्थानमा अतिभारी वर्षाको सम्भावना रहेकाले बर्दिया जिल्लामा नदी तथा खोलानालाको जलस्तर बढ्न सक्ने, तटीय तथा होचा भूभागमा डुबान हुन सक्ने र अन्य विपद्को जोखिम बढ्न सक्ने अवस्थालाई मध्यनजर गरी सम्बन्धित सबैमा उच्च सतर्कता अपनाउन हार्दिक अनुरोध गरिन्छ।

यस सम्बन्धमा आम नागरिक, स्थानीय तह, सुरक्षा निकाय तथा सम्बन्धित सबै सरोकारवाला निकायहरूले निम्नबमोजिमका सतर्कता अपनाउन तथा पूर्वतयारीका कार्यहरू गर्नुहुन हार्दिक अनुरोध छ।

१. <u>आम नागरिकका लागि:</u>

- भारी वर्षा भइरहेको वा हुने समयमा अनावश्यक रूपमा यात्रा नगर्नुहोस्। अत्यावश्यक यात्रा गर्नुपरेमा मौसम तथा सडकको अवस्था बुझेर मात्र यात्रा गर्ने।
- कर्णाली, भेरी, बबई/भादा, औरही लगायतका नदी तथा खोलानालाको किनार, तटीय क्षेत्र, होचा भूभाग र डुबान हुन सक्ने स्थानमा विशेष सतर्कता अपनाउने।
- नदी, खोला तथा जलाशयमा पानीको सतह बढेको अवस्था हेर्न, फोटो/भिडियो खिच्न, नुहाउन/पौडीखेल्न, काठदाउरा संकलन गर्न, माछा मार्न नजाने।
- घर तथा आसपासका नाला, पानी निकास र कल्भर्ट अवरुद्ध हुन नदिने ।
- महत्वपूर्ण कागजातहरु, खाद्यान्न, औषधि, मोबाइल, पशुचौपाया तथा अन्य सामग्रीलाई सम्भावित डुबानबाट सुरक्षित स्थानमा राख्ने।
- महत्वपूर्ण फोन नम्बरहरु सबैले घरको देखिने स्थानमा राख्ने ।
- विपद्को अवस्था देखिएमा तत्कालै वृद्धवृद्धा, बालबालिका, गर्भवती, सुत्केरी, असक्त एवम् फरक क्षमता भएका व्यक्तिहरुलाई प्राथमिकतामा राखि सुरक्षित स्थान तथा नजिकको आश्रयस्थलमा स्थानान्तरण गर्दै स्थानीय तह, सुरक्षा निकाय र जिल्ला प्रशासन कार्यालयलाई तत्काल जानकारी गराउने।
- मौसम तथा विपद्सम्बन्धी आधिकारिक निकायबाट जारी सूचना र पूर्वसूचनालाई मात्र आधार मान्ने।

नि. प्रमुख जिल्ला अधिकारी

२. स्थानीय तहका लागि:

- आफ्नो क्षेत्रमा रहेका जोखिमयुक्त बस्ती, नदी/खोला किनार, डुबान तथा पहिरो सम्भावित क्षेत्रको पहिचान गरी आवश्यक पूर्वतयारी गर्ने।
- खोला, नदी तटिय क्षेत्र लगायतका जोखिमयुक्त बस्तिहरुमा माइकिङ गर्दै स्थानीय स्तरमा रहेका वडघर, स्वयमसेवकका साथै विपद्का क्षेत्रमा क्रियाशील संघसंस्थाहरुलाई आवश्यक सतर्कताका लागि सक्रिय बनाउने।
- स्थानीय विपद् व्यवस्थापन समिति तथा सम्वन्धित संयन्त्रलाई सक्रिय राखी उद्धार, राहत तथा सुरक्षित स्थान तथा आश्रयस्थलमा स्थानान्तरणका लागि आवश्यक जनशक्ति र सामग्री तयारी अवस्थामा राख्ने।
- जोखिमयुक्त क्षेत्रमा रहेका नागरिकलाई समयमै पूर्वसूचना दिई आवश्यकतानुसार सुरक्षित स्थानमा स्थानान्तरणको व्यवस्था गर्ने।
- विपद् प्रतिकार्यका लागि डोजर, एक्साभेटर, लोडर, दमकल, एम्बुलेन्स तथा अन्य आवश्यक साधनहरू तयारी अवस्थामा राख्ने।
- स्थानीय तहमा रहेका आश्रयस्थल/खुला स्थान तथा आवश्यक खाद्य, खानेपानी, औषधि, स्वास्थ्यकर्मी र राहत सामग्रीहरु तयारी अवस्थामा राख्ने।
- वडास्तरका जनप्रतिनिधि, नगर प्रहरी, विपद् स्वयमसेवक, स्वयंसेवक तथा समुदायसँग समन्वय गरी निरन्तर सूचना आदानप्रदान हुने व्यवस्था मिलाउने।
- सम्भावित विपद्को घटनालाई मध्यनजर गरि विद्यालय संचालन सम्वन्धमा तत्काल आवश्यक निर्णय लिने।
- LEOC लाई थप सक्रिय बनाउने ।

३. सुरक्षा निकायका लागि:

- जिल्ला तथा स्थानीय तहको जोखिम मूल्याङ्कनका आधारमा उद्धार तथा खोजी कार्यका लागि जनशक्ति र आवश्यक उपकरण तयारी अवस्थामा राख्ने।
- नदी तटिय क्षेत्रका जोखिमयुक्त बस्ती तथा स्थानहरुमा पूर्वसूचना दिन माइकिङको व्यवस्था मिलाउने।
- बाढी, डुबान, पहिरो तथा सडक अवरोध हुन सक्ने स्थानमा नियमित निगरानी तथा गस्ती बढाउने।
- जोखिमयुक्त सडक तथा नदी/खोला पार गर्ने स्थानमा आवतजावतको अवस्था निगरानी गरी आवश्यकता अनुसार तत्काल समन्वय र उद्धारको व्यवस्था गर्ने।
- स्थानीय तह, जिल्ला प्रशासन कार्यालय तथा अन्य सरोकारवाला निकायसँग सूचना आदानप्रदान तथा संयुक्त प्रतिकार्यको व्यवस्था मिलाउने।
- विपद्को समयमा उद्धार तथा राहत कार्यमा प्रयोग हुने सवारीसाधन, डुंगा, रोप/रेस्क्यु सामग्री तथा अन्य उपकरण तयारी अवस्थामा राख्ने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बर्दिया, गुलरिया

Google Plus Code:
683V+HM Gulariya

प.सं.:०८३/०८४
च.नं.:स्था.प्र./

४. सबै सरोकारवाला निकायका लागि:

- जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC), स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC) तथा सम्बन्धित निकायबीच निरन्तर सम्पर्क र सूचना आदानप्रदान गर्ने।
- अत्यावश्यक सेवाका कर्मचारी तथा विपद् प्रतिकार्यमा परिचालन हुने जनशक्तिलाई तयारी अवस्थामा राख्ने।
- विपद्को अवस्था सिर्जना भएमा तत्काल उद्धार, सुरक्षित स्थानान्तरण र राहत व्यवस्थापनलाई प्राथमिकता दिने।
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र मौसम पूर्वानुमान महाशाखा, नेपाल मौसम विज्ञान विभागबाट जारी भएका ट्राभल एड्भाइजरी अनुसार यातायात व्यवसायी तथा सवारीधनीहरुले सुरक्षित रुपमा सवारी साधन संचालन गर्ने।
- प्राप्त मौसम पूर्वानुमान, पूर्वसूचना तथा चेतावनीलाई सम्वन्धित समुदायसम्म तत्काल पुर्‍याउने।

सम्पर्क:

विपद् वा आपत्कालीन अवस्था उत्पन्न भएमा नजिकको सुरक्षा निकाय, स्थानीय तह वा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, बर्दियामा देहायका सम्पर्क नं.मा तत्काल जानकारी गराउनुहुन अनुरोध छ।

नेपाल प्रहरी: १००
सशस्त्र प्रहरी बल नेपाल: ११९४
एम्बुलेन्स: १०२
DEOC: १२३४

"सतर्कता अपनाऔं, पूर्वतयारी गरौं, विपद्को जोखिम न्यूनीकरण गरौं।"

२०८३।०६।०६

अशोक कुमार भण्डारी
नि. प्रमुख जिल्ला अधिकारी